# बराहक्षेत्र नगरपालिका
## नगरकार्यपालिकाको कार्यलय
## चक्रघट्टी,सुनसरी
## ७ दिने शिलबन्दी दरभाउ पत्रको सुचना

(प्रथम पटक प्रकाशित मिती २०७७।०७।०४ गते)
(दोस्रो पटक प्रकाशित मिती २०७७।०७।२० गते)

यस बराहक्षेत्र नगरपालिका नगरकार्यापालिका र वडा कार्यालयहरुमा रहेका व्यक्तिगत घटना दर्ताको हस्तलिखीत अभिलेखहरु डिजीटाइजेशन (स्क्यान,फाईलिङ र डाटा ईन्ट्री) गर्ने कार्य यस नगरपालिकाको लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको स्वीकृत बजेट तथा कार्याकमको परिधी भित्र रहि गैर परामर्श सेवा खरिद गर्नु पर्ने भएकोले इच्छुक फर्म वा संस्था वा कम्पनीहरुले देहायको शर्त भित्र रहि प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशन गरीएको छ ।

| क.स. | रिफ्रेन्स नं. | कामको विवरण | स्थान | ल.इ.मु.अ. कर समेत | जमानत बापतको रकम |
|---|---|---|---|---|---|
| १ | NP-DOCR-183661-RFQ | करीब १००००० डाटा डिजिटाइजेसन,२०००० पाना स्क्यानिङ्ग तथा इन्ट्री | बराहक्षेत्र नगर क्षेत्र | रु ८,६२,०००.०० | रु ४३,१००.०० |

## दरभाउका शर्तहरु

- सिलबन्दि दरभाउ पत्र फारम रु १०००(एक हजार मात्र ) यस कार्यलयको राजश्व शाखामा वा मेगा बैकको आन्तरीक खाताको ०२२००१८२५३१२२ खातामा बुझाइ सक्कलै रसिद तथा आ.ब २०७६।७७ का नविकरण गरेको फर्म प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलीपी पेश गरी सुचना प्रकाशित मितीले ७ दिन भित्र खरिद गर्न सकिने छ
- सिलबन्दि दरभाउ पत्र ८ औ दिनको १२ बजे भित्र यस कार्यालय भित्र दर्ता गराइ सक्नु पर्ने छ । दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्र सोही दिनको २:०० बजे यसै कार्यालयमा खोलिने छ ।
- दरभाउ पत्र पेश गर्दा धरौटी बापतको रकम बराहक्षेत्र नगरपालिकाको मेगा बैकमा रहेको धरौटी खाता नं ०२२००१०११७४०४ नगद जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त बैकको कम्तिमा ७५ दिन म्याद भएको बिडबंड पेश गर्नु पर्ने छ।
- दर्ता हुनेदिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा पेश गर्नु पर्नेछ ।
- दरभाउ पत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्ने छ। यदि अंक र अक्षरमा फरक फरक पर्न गएमा अक्षरलाइ मान्यता दिइनेछ।
- दरभाउपत्र स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।
- यस सुचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
- एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको दरभाउ पत्रमा फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।
- नेपाल सरकार वा अन्य निकायको कालो सुचीमा परेको व्यक्ति वा फर्मले दरभाउ पत्रमा भाग लिन पाउने छैन । साथै नगरपालिकालाइ गत बिगतमा कुनै रकम तिर्नु बुझाउनु बाकी बक्यौता रहेको बेरुजु कायम भै फर्छ्यौटको ताकेतामा परेको तर फर्छ्यौट नगरेको व्यक्ति वा यस्ता व्यक्ति संचालक भएको फर्म समेत दरभाउ पत्रमा भाग लिन अयोग्य हुने छ ।

विस्तृत विवरण यस कार्यलयको सुचना पाटी तथा वेवसाइट www.barahamun.gov.np मा हेर्न सकिने छ ।

राजेश प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत